**कोल्हवी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, कोल्हवी, बारा**
**मधेश प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

---

**खण्डः ७,  संख्याः १,  १ मंसिर २०८०, शुक्रवार**

---

कोल्हवी नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०८० सालको ऐन नं. १

---

## नगर खेलकुद विकास समिति संचालन कार्यविधि, २०८०

**प्रस्तावना :-** कोल्हवी नगरपालिकामा शैक्षिक क्षेत्रभित्र वा बाहिर खेलकूदका माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी यूवाहरुलाइ धुम्रपान, मध्यपान, लागू पदार्थ दुर्व्यसनका कुलतबाट जोगाइ शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित, एकतावद्ध र सुसंस्कृत समाज निमार्णका निमित्त कोल्हवी नगरपालिका क्षेत्रभित्र खेलकूदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराइ परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ्य नागरिक बनाउने उद्देश्यले विभिन्न तालिम तथा खेलकूद सम्बन्धी प्रतियोगिताहरु संचालन गरी सबै किसिमका खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्त राष्ट्रिय स्तरमा हने खेलकूद प्रतियोगितामा कोल्हवी नगरपालिका क्षेत्रभित्र खेलकूद विकास गर्न एवं नगरपालिका भित्र रहेका खेलकूदसग सम्बन्धित संघ संस्थाहरुलाइ प्रोत्साहन नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकाले नेपालका सविंधानको अनूसूची २ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम कोल्हवी

नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरी यो “नगर खेलकूद विकास समिति संचालन कार्यविधि, २०८०” जारी गरिएको छ ।

## परिच्छेद— १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो कार्यविधिको नाम “नगर खेलकूद विकास समिति संचालन कार्यविधि, २०८०” रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदका क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागू हुनेछ ।

## परिच्छेद—२

## परिभाषा

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “नगरपालिका” भन्नाले कोल्हवी नगरपालिकालाइ जनाउँछ ।

(ख) “कार्यविधि” भन्नाले कोल्हवी नगरपालिका “नगर खेलकूद विकास समिति संचालन कार्यविधि २०८०” सम्झनु पर्छ ।

(ग) “नगर खेलकूद विकास समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ र यसलाइ छोटकरीमा “खेलकूद समिति” भनिनेछ ।

(घ) “संयोजक” भन्नाले नगर खेलकूद विकास समितिको संयोजकलाइ सम्झनु पर्छ ।

(ङ) “सदस्य” भन्नाले नगर खेलकूद विकास समितिको सदस्य सम्झनु पर्छ ।

(च) “सदस्य—सचिव” भन्नाले नगर खेलकूद विकास समितिको सदस्य—सचिव सम्झनुपर्छ ।

(छ) “प्रमुख” भन्नाले कोल्हवी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ज) “उप—प्रमुख” भन्नाले कोल्हवी नगरपालिकाको उप—प्रमुख सम्झनु पर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कोल्हवी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) “खेलकूद सम्बन्धी संस्था” भन्नाले दफा १२ र १३ बमोजिम सुचिकृत भएको संस्था सम्झनुपर्छ ।

(ट) “स्थानीय सरकार” भन्नाले कोल्हवी नगरपालिकालाइ सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ड) "खेलकूद" भन्नाले कोल्हवी नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिइ खेलाइने खेलकूद समेतलाई सम्झनु पर्दछ ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लव, सघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय खेलमा खेल्ने खेलाडीलाइ सम्झनु पर्नेछ ।

(ण) "प्रशिक्षक" भन्नाले कोल्हवी नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, सघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकूद प्रशिक्षक सम्झनु पर्छ ।

(त) "प्रशिक्षार्थी" भन्नाले कोल्हवी नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, सघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाइ दिइने उपहार अनुदान, सम्मान, प्रशसापत्र, पुरस्कारलाइ सम्झनु पर्दछ ।

## परिच्छेद—३

## नगर खेलकूद विकास समितिको गठन तथा काम कर्तव्य, अधिकार र खारेजी

३. **नगर खेलकूद विकास समितिको गठन :-** खेलकूदका विकास गर्नेका लागि कोल्हवी नगरपालिकामा देहाय बमोजिमका १५ सदस्यीय "खेलकूद विकास समिति" को गठन हुनेछ :

(क) कोल्हवी नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति — संयोजक

(ख) नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट कोल्हवी नगरपालिका नगरकार्यपालिकाबाट मनोनीत कम्तीमा एक जना महिला सहित ३ जना — सदस्य

(ग) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट प्रमुखद्रारा मनोनित ५ जना — सदस्य

(घ) नगर स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिस भइ आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोतित गरेको कम्तीमा १ जना महिला सहित ३ जना — सदस्य

(ङ) सामुदायिक र संस्थागत विद्यालय मध्येबाट प्रमुखद्वारा मनोतित २ जना — सदस्य

(च) सम्बन्धित शाखाका शाखा प्रमुख वा अधिकृत १ जना — सदस्य सचिव

४. **बैठकमा आमन्त्रण :** समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाका खेलकूदका क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाइ विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्ने सक्नेछ ।

५. नगर खेलकूद विकास समिति अन्तगत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकूद विकास समिति गठन गर्न सकिनेछ ।

६. **खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार :-** खेलकूद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगर स्तरीय खेलकूद क्यालण्डरलाइ स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकूदका लागि भौतिक संचरनाका पूर्वाधार निर्माण, योजना निर्माण, संचालन तथा विकास गर्ने,

(ग) खेलकूदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकूदका प्रतियोगिताहरुको आयोजना तथा संचालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार पाठयक्रम बनाउन, प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदका उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिको सदस्य तथा कर्मचारीलाइ अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय सरकारलाइ विभिन्न प्रकारका खेलकूदहरुका दिगो र भरपर्दो विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(छ) खेलकूद सम्वन्धी क्लव, संस्थालाइ आर्थिक सहयोगका लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ज) खेलकूद सम्बन्धी स्तर बढाउन पुस्तक पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिका श्रष्टा एवम निर्मातालाइ आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहन गर्ने,

(झ) खेलकूदको विकासका लागि आवश्यकता अनुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ञ) खेलाडीहरुका स्तरबृद्धि गर्ने आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउन व्यवस्था गर्ने र उपयक्त खेलाडीका छनौट गरी प्रयाप्त श्रोत उपलव्ध भएमा औचित्य हेरी विदेशमा समेत तालिम हासिल गर्नेको लागि पठाउने,

(ट) नगर भित्रका खेलाडीहरुलाइ आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ठ) टोल तथा वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि संचालन गर्ने/गराउने,

(ड) खेलकूद माफत रोजगारीको लागि आवश्यक पहल गर्ने

(ढ) खेलकूदका विकासका लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

७. **सदस्य सचिवका काम, कर्तव्य र अधिकार :-**

(क) संयोजकको आदेशानुसार बैठकका लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पूस्तिकाको सुरक्षा गर्ने र आदेशानुसार बैठकका लागि आवश्यक बिषय सूचि  र सामाग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउन र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालय व्यवस्थापन सम्बन्धी काय गर्ने ।

**८. समितिको सदस्यहरुका पदावधि :-**

(१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा  निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ३ को प्रकृया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको  मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको  निर्णयले त्यस्ता सदस्यलाइ जुनसुकै बखत हटाउन सक्नेछ । कारवाही गर्दा सम्बन्धित सदस्यलाइ सफाइ दिन मौकाबाट  बञ्चित गरिने छैन ।

**९. सदस्यको अयोग्यताः** देहायका कुनै व्यक्ति सदस्यमा मनोतित हुन वा बहाल रहन सक्ने छनः—

(क) गैर नेपाली नागरिक,

(ख) कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(ङ) मगज विग्रेको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

**१०. सदस्यता समाप्त हुने अवस्था :-** देहायका अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः —

(क) दफा ९ बमोजिम सदस्यमा बहाल नरहेमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यू भएमा,

(घ) समितिलाइ कारण सहितको सूचना नदिइ लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

**११. समिति खारेजी :** माथि जुनसुकै कुरा उल्लेख भएता पनि यस कार्यविधि र नगर कार्यपालिकाले तोके बमोजिमको कार्य नगरेमा नगर प्रमुखले जुनसुकै बखत समिति खारेज गर्न सक्नेछ ।

## परिच्छेद–४
## समितिको बैठक

**१२.समितिको बैठक र निर्णय :-**

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफै मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य सख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक सख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक सामान्यतया प्रत्येक २/२ महिनामा बस्नु पर्नेछ । बैठक वर्षमा कम्तीमा ६ पटक नघट्ने गरी आवश्यकता अनुसार बस्न सक्नेछ ।

(५) जम्मा सदस्य सख्याको एक तिहाइ सदस्यहरुले मनासिव माफिकका कारण देखाइ बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले २१ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यका बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य–सचिवले राख्नु पर्नेछ ।

## परिच्छेद–५
## टिम, क्लव, संघ संस्थाहरुको सूचिकरण र व्यवस्थापन

**१३.खेलकूद सम्बन्धी संस्थाको सूचिकरण :-**

(१) खेलकूद सम्बन्धी गतिविधि संचालन गर्ने प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १३ बमोजिम सूचिकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा सूचिकरण नभएको खेलकूद सम्बन्धी टिम, क्लव, सघ संस्थाले नगरपालिका भित्र खेलकूद सम्बन्धी गतिविधि संचालन गर्न सक्ने छैन ।

**१४.संस्था सूचिकरणका लागि दरखास्त दिनु पर्ने :-**

(१) समितिको लगतमा संस्था सूचिकरण गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाइ समितिमा नाम दर्ताका लागि निवेदन दस्तुर ५००।— का साथ अनुसुची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकूदका किसिम/विधा,

(ग) कार्यकारिणी समितिको सदस्यहरुको नाम, ठेगाना सम्पर्क न. र पेशा

(घ) संस्था दर्ता प्रमाण पत्र

(ङ) संस्थाको विधानको प्रतिलिपि

**१५. खेलकूद सम्बन्धी संस्थाको नाम सुचिकरण गर्न सक्नेः**

(१) सूचिकृत भएको संस्थाहरुलाइ अनुसूची—२ बमोजिम प्रमाण पत्र दिइनेछ । प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ,

(२) नगरपालिकामा सूचिकरण गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(३) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै सूचिकृत संस्थाहरु नगरपालिकामा अनिवार्य नविकरण गराउन पर्नेछ ।

(४) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा (PAN) न. लिएको हुनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिन ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्ता खेलकूद सम्बन्धी संस्थालाइ दिनु पर्नेछ ।

(६) सुचिकरण भएको टिम क्लव, संघ संस्थाले जुनसकै खेलकूद प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकूद समितिलाइ जानकारी गराइ स्वीकृति लिनु पर्नेछ ।

(७) नगर खेलकूद समितिमा दर्ता भएको टिम, क्लव, संघ संस्थाहरुले नगर खेलकूद समितिको उद्देश्य अनुसार खेलकूद प्रतियोगिता संचालन गर्ने सहयोग माँग गरेको खण्डमा आयोजक समितिलाइ नगर खेलकूद विकास समितिको सिफारिसमा नगरपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सकिनेछ ।

(८) नगरको पहिचान वढाउन खेल तथा नगर क्षेत्रभित्र खेलिने सबै प्रकारका खेलहरुको सन्तुलित विकास तथा खेल प्रतिभाहरुको प्रष्टफूटन एव क्षमता विकास गर्ने नीति, कार्यकम तथा मापदण्ड वनाउने

**१६. खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्ने :-**

(१) खेलकूद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकूद विकास समितिले जुनसुकैबेला पनि गर्न सक्नेछ ।

(३) खेलकूद समितिले उपदफा (२) बमोजिम खेलकूद विकास सम्बन्धी संस्थाको श्रेस्ता जाँचबुझ गर्दा/ गराउदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउने र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गर्ने/गराउने आवश्यक कारवाही चलाउन सक्नेछ ।

**१७. समितिले निर्देशन दिने र लगतबाट नाम कट्टा गर्न सक्ने :-**

(१) समितिले खेलकूद सम्बन्धी संस्थालाइ खेलकूदको विकासका सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्न सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धी संघसंस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सुचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाइ दिनु पर्नेछ ।

**१८. समितिको स्वीकृति लिनु पर्ने :** खेलकूद सम्बन्धी संस्थाले खेलकूद प्रतियोगिता नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाइ पठाउन वा कोल्हवी नगरपालिकामा हुने खेलकूद प्रतियोगिता वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रका खेलाडी अधिकारीहरुलाइ आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

**१९. सदस्यहरुका भत्ता :-**

(१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन ।

(२) सदस्यले समितिको काम विशेषले भमण गर्नुपरेमा तोकिए बमोजिमको भमण खर्च तथा दैनिक भत्ता पाउने छन ।

**२०. कार्यक्रम तथा बजेट :-** खेलकूद विकास पर्वर्द्धनका लागि कोल्हवी नगरपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद—६
## आचार संहिता

**२१. आचार संहिता :-**

(१) खेल सम्बन्धी विषयको खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी नगर कार्यपालिका र नगरसभा सदस्य तथा सरोकारवालाहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :-‘

(क) खेलको निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल संचालनको समयमा कुनै पनि प्रतिबन्धित लागूऔषध र मादक पदार्थ सेवन गर्ने पाइने छैन ।

(ख) प्रतिस्पधी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाइ मान्यता दिइनेछ ।

(ग) प्रतिस्प्रधात्मक खेल संचालन गर्दा दर्ता वाला टिमलाइ मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाइ खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहि कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गइ उक्त क्लवले प्राप्त गरको शील्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाइ उपहार दिन भने वाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाइ दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाइ राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिइ ताली वजाउन, क्ल्यापिङ्ग हुटिङ्ग गर्ने, अनुहार मेकअप र चित्र प्रर्दशन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाइ इगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद व्यवहार गर्न पाइन छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धी क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवजस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) नगरपालिकाको स्वीकृति वा इजाजत लिइ उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाइ सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएको वा नगरपालिकामा सूचिकृत भएको संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढगले खेल संचालन गर्न पाउनेछन ।

२२. **सौजन्यता :-**सुचिकरण संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल संचालन गर्न नगरपालिकको पूर्व स्वीकृति लिनपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाइ सार्वजनिक गरी खेल संचालन गर्नुको साथै सोको विवरण दुरुस्त राख्नु पर्नेछ । तर यस्ता सौजन्यता प्राप्त गर्दा स्वास्थ्यमा हानी पूऱ्याउने मदिरा एव मदिराजन्य पदार्थ र सुर्तिजन्य पदार्थहरुको विज्ञापन गर्न नगरपालिकावाट स्वीकृती दिइने छैन ।

२३. **असल नियतले गरेका काममा बचाउ :-** यस कार्यविधि बमोजिम खेलकूद सम्बन्धी शैक्षिक संस्था, क्लव लगायतका संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिनेछैन ।

यस कार्यविधिमा लेखिएका कुरामा यस बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. **समितिको प्रतिवेदन :-** वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२५. बाधा अडकाउ फुकाउने अधिकार :- यस कार्यविधिको कार्योर्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा कुनै अस्पस्टता भएमा सो को ब्याख्या गर्ने अधिकार कोल्हवी नगरपालिकालाइ हुनेछ ।

२६. **संशोधन :-** यस कार्यविधिमा आवश्यकता अनुसार कोल्हवी नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसूची–१
(दफा १४ का उपदफा १ सग सम्बन्धित)

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्य कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कोल्हवी,बारा, मधेश प्रदेश, नेपाल ।

विषयः संस्था सूचिकृत गरिदिनु हुन ।

हामीले तपसीलको विवरण अनुसारको संस्था गठन गरी संचालन गर्दै आएका छौ । नगर कार्यपालिकाको नियमानुसार उक्त संस्था सूचिकृत गरिदिनुहुन अनुरोध गर्दछौ।

सलग्न कागजातहरु
क) दर्ता प्रमाण पत्र ।
ख) गत वर्षको लेखा परीक्षण प्रतिवेदन ।
ग) कर चुक्ता प्रमाण पत्र ।
घ) कार्य समितिको निर्णय ।

हस्ताक्षर ............................. हस्ताक्षर ..............................
नाम : नाम :
पद : सचिव पद : अध्यक्ष
सम्पर्क नं. : सम्पर्क नं. :

अनुसूची—२

(दफा १५ का उपदफा १ सग सम्बन्धित)

कोल्हवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कोल्हवी,बारा, मधेश प्रदेश, नेपाल ।

विषय : संस्था सूचिकृत प्रमाण पत्र ।

संस्थाको नामः..................................................

ठेगाना :-......................................................

दर्ता हुँदाको बखत रहनु भएको समितिको पदाधिकारी र सदस्य सख्या :-

दर्ता हुँदाको बखत रहनु भएको अध्यक्षको नाम :-

माथि उल्लिखित विवरण भएको संस्था सूचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । कोल्हवी नगर खेलकूद विकास समिति संचालन कार्यविधि, २०८० र विधानका अधीनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिइएको व्यहोरा अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

सूचिकृत संस्था नविकरणका विवरण (पृष्ठ भागमा)

क. संस्थाको नाम :

| क्र.स. | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सहि र छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची—३

(दफा १५ का उपदफा ४ सग सम्बन्धित)

मिति :-........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

कोल्हवी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, कोल्हवी,बारा, मधेश प्रदेश, नेपाल ।

विषय :- संस्था नविकरण गरी पाँउ ।

..........................................................................................नामक संस्था यस नगरपालिकामा सूचिकृत भइ खेलकूद सम्बन्धी गतिविधिहरु संचालन गरी रहेको हुँदा तपशील बमोजिमका कागज पत्र सलग्न राखि नविकरण गरिपाँउ भनि निवेदन गर्न आएका छौ । अतः आर्थिक बर्ष ................ को संस्था नविकरण गरी पाँउ ।

निवेदन साथ सलग्न कागजातहरु

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन,

ख) संस्थाको वार्षिक गतिविधि,

ग) भावी योजना र बजेट ।

निवेदक ........................

प्रमाणिकरण मिति : २०८०।०६।२४ गते

आज्ञाले,
भरत प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत